## १०.(बाँडफाँड भएको जग्गा लिलाम गराउनका लागि दिने निवेदनको ढाँचा)

श्रीमान् भूमिसुधार अधिकारीज्यू,
भूमिसुधार कार्यालय, ............................... ।

**विषय : जग्गा लिलाम गरी जग्गाको मूल्य उपलब्ध गराई पाऊँ ।**

महोदय,

उपर्युक्त सम्बन्धमा म/हामी/जग्गावाला .......................................... को नाममा मालपोत कार्यालय, ......................... मा जग्गाधनी दर्ता श्रेस्ता कायम भएको देहाय बमोजिमको जग्गाम जग्गावाला/मोहीको नाम कायम गर्ने र जग्गावाला/मोही हकको आधा जग्गा समेत जग्गावाला/मोहीको नाममा कायम भए वापत प्रचलित दर भाउको दरले हुन आउने जग्गाको मूल्य रु. ...............................।-निज जग्गावाला/मोहीबाट म जग्गावाला/मोहीले प्राप्त गर्ने गरी यस कार्यालयबाट मिति ............................. मा भएका मोही लागेको जग्गाको जग्गा बाँडफाँड सम्बन्धी निर्णयानुसारको जानकारी निज जग्गावाला/मोहीले मिति ................................ मा प्राप्त गरेकोमाभूमि सम्बन्धी नियमहरु, २०२१ को नियम २४ च को उपनियम (१) मा भएका व्यवस्था बमोजिम जानकारी पाएको मितिले नब्बे दिन मिति ................................ भित्र मलाई जग्गाको मूल्य वापतको उल्लेखित मूल्य उपलब्ध गराउनु पर्नेमा सो बमोजिमको रकम उपलब्ध नगराएको हुँदा निजको भागमा परेको जग्गा प्रचलित कानून बमोजिम लिलाम गरी जग्गाको मूल्य वापतको रकम उपलब्ध गराई पाउनका लागि देहाय बमोजिमका कागजातहरु संलग्न राखी रु. .......।- को टिकट टाँसी भूमि सम्बन्धी नियमहरु, २०२१ को नियम २४च को उपनियम (६) बमोजिम यो निवदेन पेश गरेको छु/छौं । संलग्न कागजात समेतको आधारमा भूमिसम्बन्धी नियमहरु, २०२१ को नियम २४च को उपनियम (७) बमोजिम बाँडफाँड निर्णयबाट निजको नाममा कायम भएको मेरो भागमा पर्ने आधा जग्गा प्रचलित कानून बमोजिम लिलाम गरी मेरो भागमा पर्ने जग्गा वापत मैले पाउनु पर्ने जग्गाको मूल्य रु. .........................................।- मलाई दिलाई भराई पाऊँ ।

लेखिएको व्यहोरा ठीक साँचो हो, फरक ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

१. जग्गाको विवरण

| सि.नं. | जिल्ला | गा.पा./न.पा. | वडा नं. | सिट नं. | कि.नं. | क्षेत्रफल | किसिम/खण्ड | मोहीको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

२. निवेदकको विवरण

| निवेदकको नाम, थर | ठेगाना | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | नागरिकता नं./कार्यालय र मिति | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

**संलग्न कागजातहरु :**

(.....) १. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि थान ........................................................१
(.....) २. यस कार्यालयबाट जानकारी दिएको च.नं. .......... मिति ...................... को जानकारी पत्रको प्रतिलिपि थान....१
(.....) ३. यस कार्यालयबाट बाँडफाँड सम्बन्धमा भएका मिति ........................ को निर्णयको प्रतिलिपि थान................१
(.....) ४. अन्य प्रमाण ..........................................................................................

**निवेदक**

हस्ताक्षर :
नाम, थर र वर्ष :
ठेगाना :

यो निवेदन म आफैंले/निवेदकले भने बमोजिम तयार गरेको हुँ भनी सही गर्ने निवेदक .............................. /व.अधिवक्ता/अधिवक्ता/ अभिकर्ता/लेखापढी व्यवसायी/ .............................. प्र.प.नं. ..............................

इति सम्वत् २०.......... साल ............ महिना .......... गते रोज ....... शुभम् ..............................

**नोट** : संलग्न कागजात अन्तर्गत निवेदन साथ पेश भएको कागजकोथानको हकमा कति पाना हुन्छ, सो को संख्या लेख्ने र शुरु भागमा राखिएको ( ) मा पेश भएको कागजको हकमा✓र कागज पेश नभएको हकमा ✗लगाउनु पर्नेछ ।